# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

## चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. १७**

**निवेदक/वादीको नाम, थर, ठेगाना**

शंखलाल तण्डुकारको नातिनी रामकृष्ण तण्डुकारको छोरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ को हाल वडा नं. ३१ बस्ने वर्ष ४३ को दिपा तण्डुकार ......१

हर्क नारायण श्रेष्ठको नातिनी सत्यनारायण श्रेष्ठको छोरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ को हाल वडा नं. ३१ बस्ने वर्ष ३६ को ज्योती श्रेष्ठ .........१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

स्व. घनश्याम काफ्लेको छोरी सूर्यनाथ सापकोटाको पत्नी दाङ घोराही आदर्श टोल वडा नं. १५ घर भई साविक चन्द्रागिरि नगरपालिका वडा नं. ६ को हाल वडा नं. १३ नयाँ बस्ति बस्ने वर्ष ६६ को सीतादेवी सापकोटा ..........................................१

**वादीको साक्षी**

क) ..........................................

**प्रतिवादीको साक्षी**

क) ..................................................

**कागज प्रमाण** (वादी)

क) नागरिकता प्रमाण पत्रको फोटोकपी थान.२

ख) र.नं. ९७२ग लिखतको प्रतिलिपी थान ....१

ग) जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपी थान ..१

घ) नापी नक्साको प्रतिलिपी थान .............१

ङ) चन्द्रागिरि नगरपालिका वडा नं. १३ को कार्यालयले मिति २०७८/०१/०८ मालपोत कार्यालयलाई लेखेको पत्र र मिति २०७८/०१/०९ गते मा.पो.का. कलंकीले पठाएको जवाफको लिखतको प्रतिलिपी थान ............................................१

**कागज प्रमाण** (प्रतिवादी)

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान . १

ख) जग्गाधनि प्रमाण पूर्जाको प्रतिलिपी थान ............................................१

ग) राजिनामा लिखतको प्रतिलिपी थान .......१

घ) भवन निर्माण अस्थायी इजाजत पत्रको प्रतिलिपी थान ................................१

ङ) भवन निर्माण सम्पन्न पत्रको प्रतिलिपी थान ............................................१

च) फिल्ड बुकको प्रतिलिपी थान ..............१

छ) मुचुल्काको प्रतिलिपी थान ..................१

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

च) चं.नं. १४९० को पत्रको प्रतिलिपी थान ..१ ज) स्वीकृत नक्साको प्रतिलिपी थान ...........१
छ) ट्रेश नक्साको प्रतिलिपी थान ..............१ झ) ट्रेश नक्साको प्रतिलिपी थान ...............१

**न्यायिक समितिबाट बुझेको साक्षी .................**

**प्रमाणहरू :**

१) नापी कार्यालय कलंकीको च.नं. ७९३ पत्र सहित फिल्ड प्रतिवेदन थान ...............१

२) मालपोत कार्यालय कलंकीबाट स्रेस्ता उतार प्रमाणीत थान ...............................१

**मुद्दा : नापी नक्सा बमोजिमको बाटो चलन चलाई न्याय गरी पाउँ ।**

**मु.नं. : २८/४६** **दर्ता मिति : २०७८/१२/१४**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१) निवेदक उजुरीकर्ताले काठमाडौं जिल्ला साविक पुरानो नैकाप गा.वि.स. वडा नं. ६ को कि.नं. १९८ को क्षेत्रफल ०-८-०-० जग्गाको पश्चिम दक्षिणतर्फ विपक्षीको नाममा दर्ता कायम रहेको ऐ.ऐ. वडाको कि.नं. ७७३ को जग्गासँग जोडिएको उल्लेखित जग्गा हामीले मिति २०७६/०१/१६ गतेका दिन हाम्रो पिता तथा हजुरबाजेबाट हालैदेखिको बकस मार्फत दा.खा नामसारी गरी लिएको हो । जग्गा बकस गरी लिएको समयदेखि जग्गाको तिरो तिरान गरी अविच्छिन्न रुपले भोगचलन गर्दै आएका छौं । जग्गा बकस गरी लिनु भन्दा अगाडीबाट दक्षिण उत्तरतर्फबाट १० फिट चौडाईको बाटो कि.नं. ७७४ कायम भई विपक्षीले मिति २०६३ माघ २६ गते निजले चन्द्रकाजी महर्जनसँग र.नं. ९७२ग मार्फत खरिद गरिलिएको रजिष्ट्रेशन लिखतमा समेत कि.नं. ७७४ को क्षेत्रफल ०-०-२-० जग्गा सार्वजनिक बाटो भनि उल्लेख गरेको उक्त सर्वजनिक कि.नं. को जग्गा मिचि, पेली, खिचौला गरी बाटो बन्द गरी आवत जावत निकासमा अवरोध भएको भन्ने कुरा अन्य सँधियार र छरछिमेकबाट थाहा पाई फिल्डमा गएर हेर्दा मिचिएको देखिएपछि बाटोको चौडाई नापी हेर्दा तिन फिट मात्र कायम रहेको देखी आपसमा बसी विवाद समाधान निकालौं भन्दा ठाउँमा बताउँला नापी नक्सा बमोजिमको बाटो दिन्न उक्त बाटोको जग्गा मेरो हक भईसकेकोछ सकेको गर भनि जवाफले आजित भई नेपालको संविधानको धारा २५, मुलुकी देवान संहिता, २०७४ को दफा ६, ७, ८, ९, १०, १३, २७६(२), ३०६(१), ३०७(१), मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ९, १०, १२, ४८, ८६, १७२, १७८ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ र चन्द्रागिरि नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ को दफा ७ को उपदफा क र दफा ९ समेतको अधिनमा रहि हाम्रो जग्गामा जोडिएको नापी नक्सामा उल्लेखित कि.नं. ७७४ को

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

१८ फिटको बाटोमा विपक्षीको खिचोला मेटाई, बाटोको चौडाई सदर थामी, विपक्षीको गैह्र कानुनी कार्य रोकी नापी नक्सा अनुसारको बाटो चलन चलाई पाउँ भन्ने व्यहोराको वादीको उजुरी दावी ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

१) विपक्षीले उजुरीदावी लिए जस्तो नभई मिति २०६३/१०/२६ र.नं. ९७२(ग) बाट चन्द्रकाजि महर्जनसँग कि.नं. १९९ वडा नं. ६ पुरानो नैकापको ०-१०-१-० जग्गा मध्ये एकैदिन कि.का गरी कि.नं. ७७३ र ७७४ जग्गाको क्षेत्रफल क्रमश: ०-६-०-० र ०-०-२-० रहेकोमा कि.नं. ७७४ को बाटो निकासको लागि पास गरी दिएबाट समेत उक्त दुईदाम निजी आवासको जग्गा रहिरहेको पुष्टी हुन आउँछ । सार्वजनिक बाटो रहेको भनि दावी लिएको कुरा झुठो हो, त्यो ठाउँमा पहिले पनि बाटो थिएन र हाल सम्म पनि बाटो छैन भनि गरिदिएको कागज नापीले दिएको प्रतिवेदन र विवाद उठेपछि १३ नं. वडा कार्यालयको वडा अध्यक्ष र सदस्यबाट फिल्ड निरिक्षण गरी वडा कार्यालयको सहयोगमा सार्वजनिक बाटोमा सडक पिच भएको निरिक्षण समेत भएको अवस्थामा संविधानको धारा २५ को मौलिक अधिकारको समेत हनन् भएको छ । विपक्षीले दुःख दिने नियतले आधार, कारण, प्रमाण विनाको प्रस्तुत निवेदन गरेको देखिदा विपक्षीको निवेदन वदरभागी छ भन्ने व्यहोराको प्रतिउत्तरपत्र प्रतिवादीको प्रतिउत्तर जिकिर ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

र.नं. ९७२ ग लिखतमा कि.नं. ७७४ जग्गा बाटो जनिएको छ । वडा कार्यालयको च.नं. १९८० को पत्रमा मालपोल कार्यालय कलंकीले यस कार्यालयको अभिलेख बमोजिम नेपाल सरकारको नाममा बाटो देखिन्छ भनि जवाफ पठाएको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

र.नं. ९७२ ग लिखतमा साविक कि.नं. १९९ बाट कि.का भई कि.नं. ७७३, ७७४ र ७७५ को क्षेत्रफल क्रमशः ०-६-०-० (सीतादेवी काफ्ले सापकोटा), ०-०-२-० (बाटो) र ०-३-३-० (बाँकी ज.ध) रहेको देखिन्छ भनै उक्त कित्ता जग्गामा घर छैन कच्ची मोटर बाटो छ भनि उल्लेख भएको देखिन्छ भने नापी कार्यालय कलंकीको प्लट रजिष्ट्रमा कि.का हुँदा समेत कि.नं. ७७४ को बाटो जनिएको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीको विद्वान अधिवक्ता दिपक सिग्देलद्वारा मालपोल कार्यालय कलंकीको दर्ता स्रेस्तामा कि.नं. ७७४ नेपाल सरकारको नाममा बाटो जनिएको हुँदा नापी नक्सामा समेत बाटो प्रष्ट रुपमा जनिएकोले गर्दा विपक्षीले र.नं. ९७२ ग लिखतमा उक्त कि.नं. बाटो जनिएकोमा विवाद नरहेकोले बाटो कायम गरी पाउँ भनि राख्नु भएको बहस सुनियो ।

विपक्षीले कानुन व्यवसायी राख्नु भएको छैन । विवादित कि.नं. ७७४ बाँटो नभएकोले यस विवादबाट अलग फुर्सद दिलाई न्याय पाउँ भनि राख्नु भएको कुरा सुनियो ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

विवादित कि.नं. ७७४ नेपाल सरकारको नाममा बाटो जनिएको हो, होइन ? उक्त विवादित कि.नं. सार्वजनिक बाटो सुचारु गराउने नगराउने विषयमा मुख नमिलेको देखिन आयो ।

## निर्णय खण्ड

प्रस्तुत विवादित विषयमा आजको दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता दिपक सिग्देल र प्रतिवादी स्वयम्ले गर्नु भएको बहस समेत सुनी वादी दावीको नापी नक्सा बमोजिमको बाटो चलन चलाई दिनु पर्ने हो, होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो । निर्णय तर्फ विचार गर्दा प्रतिवादी सीतादेवी सापकोटाले इजलाश समक्ष बाटो रहेको कुरामा स्विकार गरिएबाट निजले मालपोत कार्यालय कलंकीबाट पास गरिलिएको र.नं. ९७२ग लिखतमा साविक कि.नं. १९९ बाट कि.का भई कि.नं. ७७३, ७७४ र ७७५ को क्षेत्रफल क्रमश: ०-६-०-० (सीतादेवी काफ्ले सपकोटा), ०-०-२-० (बाटो) र ०-३-३-० (बाँकी ज.ध) रहेको देखिन्छ भने उक्त कित्ता जग्गामा घर छैन कच्ची मोटर बाटो छ भनि उल्लेख भएको देखिन्छ भने नापी कार्यालय कलंकीको प्लट रजिष्ट्रमा कि.का हुँदा कि.नं. ७७४ को बाटो जनिएबाट काठमाडौं जिल्ला साविक पुराने नैकाप गा.वि.स. वडा नं. ६ को कि.नं. ७७४ को क्षेत्रफल ०-०-२-० जग्गा नेपाल सरकारको नाममा स्रेस्ता कायम रही बाटो जनिएको भन्ने व्यहोरा मालपोत कार्यालय, कलंकीबाट लेखी आएको र उल्लेखित कि.नं. ७७४ को जग्गाको जग्गाधनी दर्ता स्रेस्ता समेत प्राप्त भई मिसिल सामेल रहेको हुँदा उक्त कि.नं. ७७४ को जग्गा नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम रहेको बाटो हो भन्ने कुरामा विवाद रहेन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ को देहाय (ठ) मा कसैको हक स्वामित्वमा रहेको भएता पनि चलन चल्तीमा रहेको बाटोको सम्बन्धमा निर्णय गर्न पाउने अधिकार न्यायिक समितिलाई दिएकै हुँदा नापी नक्सा र दर्ता स्रेस्तामा स्पष्ट बाटो जनाई नेपाल सरकारको नाममा दर्ता कायम रहेको हुँदा न्यायिक समितिको क्षेत्राधिकार रहेकै देखियो । व्यक्तिको नाममा रहेको भएता पनि सार्वजनिक प्रयोगमा रहेको जग्गामा व्यक्तिको स्वामित्व समाप्त भई सार्वजनिक भोगाधिकार रहने प्रष्ट कानूनी व्यवस्था रहेको हुँदा सार्वजनिक जग्गामा व्यक्तिको भोगाधिकार कायम हुने भन्न मिलेन । तसर्थ उल्लेखित कि.नं. ७७४ को जग्गा बाटो रहे भएको तथ्य प्रष्ट हुँदा हुदै उक्त जग्गा यी प्रतिवादीको भोगमा रहेकै आधारमा प्रतिवादीको निजी बाटो हुन सक्ने नहुँदा नेपाल सरकारको नाममा रहेको सार्वजनिक बाटो कै रुपमा प्रयोग गराईदिनुपर्ने देखियो । बाटोको चौडाई नापी नक्शा अनुसार छुट्याई विवादित कि.नं. ७७४ को जग्गामा रहेको बाटो खुलाई दिने निर्णय गरियो । अरुमा तपशिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

(क) विपक्षीलाई यस निर्णयमा चित्त नबुझे स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ५१ बमोजिम ३५ दिने म्याद प्रतिवादीलाई काठमाडौं जिल्ला अदालतमा पुनरावेदनको म्याद दिनु । ........................................................................................ १



चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

(ख) अतिक्रमण गरी सार्वजनिक बाटोमा निर्माण गरेको पर्खाल हटाउन लाग्ने सम्पूर्ण खर्च कि.नं. ७७३ को जग्गाधनिबाट भराई हटाउनु। ........................................................................ २

(ग) सार्वजनिक सरोकारको विषय भएकोले कार्यपालिकालाई यस निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु। ........................................................................ ३

(घ) प्रहरी वृत्त थानकोटमा कि.नं. ७७४ को सार्वजनिक बाटो खुलाउन आवश्यक सुरक्षा प्रबन्ध गर्न लेखि पठाउनु। ........................................................................ ४

(ङ) निर्णयको नक्कल माग गर्ने सरोकारवालाबाट नियम बमोजिम लाग्ने नक्कल दस्तुर लिई नक्कल दिनु। ........................................................................ ५

(च) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु। ... ६

**न्यायिक समितिका**

संयोजक : श्री बसन्ती श्रेष्ठ

**सदस्य**

श्री रत्नलाल श्रेष्ठ

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७९ साल पुस महिना २० गते रोज ०४ शुभम् ..................................

(५)